बागमती प्रदेश सरकार

स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय

स्वास्थ्य निर्देशनालय

# बज्रबाराही चापागाउँ अस्पताल

गोदावरी न.पा.-११, ललितपुर

पत्र संख्याः

चलानी नम्बरः

मितिः२०८३/०५/१८

## सूचना ! सूचना !! सूचना !!!

यस अस्पतालको फार्मेसीमा **उच्च रक्तचाप (HTN), मधुमेह (DM), COPD, थाइराइड तथा अन्य सामान्य रोगका करिब ९०% आवश्यक औषधिहरू उपलब्ध** गराइएको जानकारी गराइन्छ। साथै, **नेपाल स्वास्थ्य बीमा बोर्डअन्तर्गतका बीमित सेवाग्राहीहरूलाई उपलब्ध औषधिहरू चिकित्सकको प्रिस्क्रिप्सनअनुसार आजदेखि ३ महिनासम्मको औषधि एकैपटक वितरण गर्ने व्यवस्था** सुरु गरिएको छ। मधुमेहका बिरामीहरूका लागि प्रयोग हुने **Huminsulin 30/70, Huminsulin R** तथा **Lantus Insulin समेत उपलब्ध गराई वितरण सुरु गरिएको** जानकारी गराइन्छ। हाल फार्मेसीमा उपलब्ध नभएका औषधिका कारण सेवाग्राहीले **केवल औषधि प्राप्त गर्नकै लागि अन्य अस्पतालमा रिफर भई जानुपर्ने अवस्था नआओस् भन्ने उद्देश्यले** उपलब्ध नभएको औषधिको प्रिस्क्रिप्सन तल दिइएको **QR Code स्क्यान गरी अपलोड गरिदिनुहुन** सम्पूर्ण सेवाग्राहीमा अनुरोध गरिन्छ। प्राप्त प्रिस्क्रिप्सनका आधारमा आवश्यक औषधिको विवरण संकलन गरी **हाल उपलब्ध नभएका औषधिहरू ३–४ कार्यदिनभित्र व्यवस्थापन गरी उपलब्ध गराउने** अस्पतालको प्रयास रहनेछ। यस कार्यबाट सेवाग्राहीलाई सहज, निरन्तर तथा प्रभावकारी औषधि सेवा प्रदान गर्न र अनावश्यक रूपमा औषधिका लागि अन्य अस्पतालमा जानुपर्ने अवस्थालाई न्यूनीकरण गर्न सहयोग पुग्नेछ।

**-अस्पताल प्रशासन**

**बज्रबाराही चापागाउँ अस्पताल, ललितपुर**

फोन नं.: ०१-५५७०५२४, इमेलः bajrabarahihospital@bagamati.gov.np,

वेबसाइटः https://bajrabarahihospital.bagamati.gov.np